नेपाल सरकार

# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

## संघीय मामिला शाखा

पत्र संख्या: सं.मा.शा. २०७३/०७४ | फोन नं. ४२११८९५

चलानी नं. ४८९ | सिंहदरबार, काठमाडौं

मिति: २०७४/०१/१९

**विषय:- नवलपरासी र रुकुम जिल्लाको स्थानीय तह सम्बन्धी सूचना।**

नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
केन्द्रिय पञ्जिकरण विभाग
बबरमहल, काठमाडौं
द.नं. ६६३
मिति: ०७४।१।२०

श्री जिल्ला समन्वय समिति (सबै)।

श्री नगरपालिका / उपमहानगरपालिका / महानगरपालिका (सबै)।

श्री गाउँपालिका (सबै)।

नेपालको संविधानको अनुसूची -४ अनुसार नवलपरासी जिल्ला प्रदेश नं. ४ र ५ तथा रुकुम जिल्ला प्रदेश नं. ५ र ६ मा परेकोले प्रदेश नं. ४, ५ र ६ मा पर्ने नवलपरासी र रुकुम जिल्लाका गाउँपालिका र नगरपालिकाको बारेमा स्पष्ट गर्न नेपाल सरकार मन्त्रिपरिषदबाट मिति २०७४।०१।१३ मा देहाय बमोजिम निर्णय भएकोले जानकारी एवम् आवश्यक कार्यान्वयनको लागि अनुरोध गर्दछु।

"(क) नवलपरासी जिल्लाको विनयी गाउँपालिकाको नाम विनयीत्रिवेणी गाउँपालिका कायम गर्ने; त्रिवेणी सुस्ता गाउँपालिकाको वडा नं. ६ र ७ लाई विनयीत्रिवेणी गाउँपालिकाको क्रमश: वडा नं. ६ र ७ कायम गरी विनयीत्रिवेणी गाउँपालिकाको जम्मा वडा संख्या ७ कायम गर्ने, र त्रिवेणी सुस्ता गाउँपालिकाको नाम सुस्ता गाउँपालिका कायम गरी जम्मा वडा संख्या ५ कायम गर्ने,

(ख) नवलपरासी जिल्लाको गैडाकोट नगरपालिका, देवचुली नगरपालिका, कावासोती नगरपालिका, मध्यविन्दु नगरपालिका, बुलिङटार गाउँपालिका, बुङ्दीकाली गाउँपालिका, विनयीत्रिवेणी गाउँपालिका र हुप्सेकोट गाउँपालिकालाई पहिलो चरणको निर्वाचनमा र बाँकी गाउँपालिका तथा नगरपालिकालाई दोश्रो चरणको निर्वाचनमा समावेश गर्ने,

(ग) निर्वाचन प्रयोजनको लागि रुकुम जिल्लाका मुसिकोट नगरपालिका, चौरजहारी नगरपालिका, आठबिसकोट नगरपालिका, सानीभेरी गाउँपालिका, त्रिवेणी गाउँपालिका र बाफिकोट गाउँपालिकालाई पहिलो चरणको निर्वाचनमा र बाँकी गाउँपालिकालाई दोश्रो चरणको निर्वाचनमा समावेश गर्ने।"

बोधार्थ

श्री सूचना तथा विद्युतीय शासन शाखा :- मन्त्रालयको website मा प्रविष्ट गरिदिनु हुन।

२०७४।१।१९

(रविन्द्र आचार्य)

शाखा अधिकृत

Scanned by CamScanner